**प्र.मं.प.बै.सं. १।०७५**

**२०७५ साल बैशाख ०४ गते मंगलबारका दिन विहान ८.०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेतमा मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

प्रदेशस्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण (कार्यविधि) को सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. १/१/२०७५/०१/०३ को प्रस्ताव सम्बन्धमा सैद्धान्तिक स्वीकृति दिने ।

२. प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ब्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/२/२०७५/०१/०३ को प्रस्ताव सम्बन्धमा सैद्धान्तिक स्वीकृति दिने ।

३. कर्णाली प्रदेश गाँउ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. ३/३/२०७५/०१/०३ को प्रस्ताव सम्बन्धमा सैद्धान्तिक स्वीकृति दिने ।

४. कर्णाली प्रदेश संचित कोष (सञ्चालन कार्यविधि) नियमावली, २०७५ स्वीकृत गर्ने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. १/४/२०७५/०१/०३ को प्रस्ताव सम्बन्धमा नियमावली स्वीकृति गर्ने ।

५. कर्णाली प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. २/५/२०७५/०१/०३ को प्रस्ताव सम्बन्धमा प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

**प्र.मं.प.बै.सं. २।०७५**

**२०७५ साल बैशाख ०८ गते शनिबारका दिन १५:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश सरकारको चालु आ.व. को तेस्रो चौमासिक अवधिको नीति तथा कार्यक्रम स्वीकृत गरी प्रदेश सभामा पेश गर्ने ।

२. कर्णाली प्रदेश मुख्यमन्त्री सहायता कोष नियमावली, २०७५ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

३. जलस्रोत उपयोग विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्ने सैद्धान्तिक सहमति दिने ।

४. प्रदेश सडक बोर्ड विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्ने सैद्धान्तिक सहमति दिने ।

**प्र.मं.प.बै.सं. ३।०७५**

**२०७५ साल बैशाख १३ गते विहिबारका दिन ११.३० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) सम्बन्धी विधेयक, २०७५ को मस्यौदा स्वीकृत गरि प्रदेश सभामा पेश गर्ने सहमति दिने ।

२. कर्णाली प्रदेशका गाँउ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा स्वीकृत गरि प्रदेश सभामा पेश गर्न सहमति दिने ।

३. आ.व. २०७४/७५ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चिल कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०७५ को मस्यौदा प्रदेश सभामा पेश गर्न स्वीकृत  प्रदान गर्ने ।

**प्र.मं.प.बै.सं. ४।०७५**

**२०७५ साल बैशाख १५ गते शनिवार १७.०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी विधेयक, २०७५ को मस्यौदा स्वीकृत गरी प्रदेश सभामा पेश गर्न सहमति दिने ।

२. कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी बिधेयक, २०७५ तर्जुमाका लागि सैद्धान्तिक स्वीकृत प्रदान गर्ने ।

३. कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी विधेयक, २०७५ तर्जुमाका लागि सैद्धान्तीक स्वीकृति प्रदान गर्ने ।

४. प्रादेशिक सहकारी ऐन, २०७५ तर्जुमा गर्नका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

**प्र.मं.प.बै.सं. ५।०७५**

**२०७५ साल बैशाख १७ गते सोमवार १३.३० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा स्वीकृत गरी प्रदेश सभामा पेश गर्न सहमति प्रदान गर्ने ।

२. कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी विधेयक,२०७५ को मस्यौदा स्वीकृत गरी प्रदेश सभामा पेश गर्न सहमति प्रदान गर्ने ।

**प्र.मं.प.बै.सं. ६।०७५**

**२०७५ साल बैशाख १८ गते मंगलवार १५.०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश, प्रदेश सभाको चालु प्रथम अधिवेशनको अन्त्य गर्न प्रदेश प्रमुखको सचिवालयमा लेखी पठाउने ।

**प्र.मं.प.बै.सं. ७।०७५**

**२०७५ साल जेठ ०४ गते शुक्रबार १३:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. प्रदेश सभाको दोश्रो अधिवेशन आह्वान गर्ने ।

२. मुख्यमन्त्री राहत सहायता कोष निर्देशिका, २०७५ लाई स्वीकृति प्रदान गर्ने ।

३. कर्णाली प्रदेश अन्तर्गतका विभिन्न नगरपालिका तथा गाँउपालिकाहरुको केन्द्र विवाद सम्बन्धमा मन्त्रिपरिषद् राजनैतिक समितिले मन्त्रिपरिषदमा पेश गरेका राय सुझावमध्ये बँदा नं २ सम्बन्धमा देहाय बमोजिम गर्नेः "डोल्पा जिल्लाको ठूली भेरी नगरपालिकाको केन्द्र सार्न नगर सभाबाट निर्णय भएपश्चात उत्पन्न विवाद सम्बन्धमा छानविन गरी सत्य तथ्य बुझि प्रतिवेदन पेश गर्न मन्त्रिपरिषद् राजनैतिक समितिले गठन गरेको कार्यदलले "भौतिक पूर्वाधार तथा जिल्लाको सदरमुकाम समेत भएको, सबै वडाहरुलाई पायक पर्ने स्थान डोल्पाको दुनैमा केन्द्र हुंदा उपयुक्त हुने" भनि रायसहित प्रतिवेदन पेश गरेको र डोल्पा जिल्लाको सदरमुकाम दुनैमा ठूली भेरी नगरपालिकाको केन्द्र कायम गर्दा उपयुक्त हुने भनि मन्त्रिपरिषद् राजनैतिक समितिबाट समेत राय सुझाव पेश भएकोले कार्यदलको प्रतिवेदन सहित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरि पठाउने" ।

४. कर्णाली प्रदेश कर तथा गैरकर ऐन, २०७५ तर्जुमा गरी कार्य प्रक्रिया अगाडी बढाउन सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

५. कर्णाली प्रदेश वित्तीय हस्तान्तरण विधेयक, २०७५ तर्जुमा गरी कार्य प्रक्रिया अगाडी बढाउन सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

६. प्रादेशिक पर्यटन विधेयकको मस्यौदा तयार गर्ने सैद्धान्तिक स्वीकृति दिने ।

७. प्रदेश उद्योग विधेयकको मस्यौदा तयार गर्ने सैद्धान्तिक स्वीकृति दिने ।

८. प्रदेश वन ऐनको मस्यौदा तयार गर्ने सैद्धान्तिक स्वीकृति दिने।

९. वातावरण संरक्षण विधेयक, २०७५ को मस्यौदा तयार गर्ने ।

१०. प्रादेशिक जग्गा प्रशासन (सञ्चालन तथा व्यबस्थापन) ऐन, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

११. प्रादेशिक खाद्य सम्बन्धी ऐन, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

१२. विविधः "हुम्ला जिल्लाको खार्पुनाथ गाँउपालिकाको वामनखर्कमा मिति २०७५ जेठ २ गते मकालु एयरको जहाज दुर्घटनामा निधन भएका चालकहरू प्रति श्रद्धान्जलि तथा शोकाकुल परिवारजनप्रति समवेदना प्रकट गर्दै चालकहरूले कर्णाली प्रदेशमा पुरयाएको सेवाको कदर गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यक व्यवस्था गर्ने" ।

**प्र.मं.प.बै.सं. ८।०७५**

**२०७५ साल जेठ ०६ गते आईतबार ११:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेशको मार्गचित्र तयार गर्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ७/१/२०७५/०२/०६ को प्रस्ताव सम्बन्धमा "कर्णाली प्रदेशको मार्गचित्र तयार गरी मन्त्रिपरिषद् बैठकमा पेश गर्न देहाय बमोजिम समिति गठन गर्नेः"

**(क) समितिः**

| | |
|---|---|
| १. आन्तरिक मामिला तथा कानुन मन्त्री | - संयोजक |
| २. सामाजिक विकास मन्त्री | - सदस्य |
| ३. कर्णाली प्रदेशका सबै मन्त्रालयका सचिवहरू | - सदस्य |
| ४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (प्रशासन) | - सदस्य सचिव |

**(ख) समितिको कार्यविवरणः**

१. समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने,

२. समितिले आवश्यकतानुसार अन्य कर्मचारी तथा विज्ञहरूको सहयोग लिन सक्ने ।

२. लागु औषध नियन्त्रण सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्ने सैद्धान्तिक सहमति प्रदान गर्ने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. ११/२/२०७५/०२/०६ को प्रस्ताव सम्बन्धमा "प्रस्तावमा लेखिएबमोजिम गर्ने" ।

३. कर्णाली प्रदेश कानून आयोग गठन सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्ने सैद्धान्तिक सहमति प्रदान गर्ने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. १२/३/२०७५/०२/०६ को प्रस्ताव सम्बन्धमा "कर्णाली प्रदेश कानून आयोग गठन सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्ने सैद्धान्तिक सहमति प्रदान गर्ने" भन्ने ब्यहोराको सट्टा "कानून आयोग गठन गर्ने प्रयोजनको लागि गठन आदेश सम्बन्धी प्रस्ताव पेश गर्ने" ।

४. कर्णाली प्रदेश विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्ने सैद्धान्तिक सहमति प्रदान गर्ने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. १३/४/२०७५/०२/०६ को प्रस्ताव सम्बन्धमा "प्रस्तावमा लेखिएबमोजिम गर्ने" ।

५. विनियोजन विधेयक, २०७५ मा समावेश गरिने सिद्धान्त, उदेश्य, प्राथमिकता र नीतिहरू पूर्व बजेट छलफलका रूपमा प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ६/५/२०७५/०२/०६ को प्रस्ताव सम्बन्धमा "बैठकमा उठेका विषयहरूलाई समेत समावेश गरी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने" ।

**विविधः** "जिल्लामा रहेका प्राविधिक कार्यालयहरूलाई प्रदेश सरकारका विकास योजना तथा कार्यक्रम संचालन गर्न आवश्यक सहयोगको लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने

**प्र.मं.प.बै.सं. ९।०७५**

**२०७५ साल जेठ १५ गते मंगलबार ३:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. मुख्यमन्त्री राहत सहायता कोष निर्देशिका, २०७५ को दफा ७ (२) मा प्रथम संशोधन गर्ने ।

२. कैलाली लम्की निवासि श्री यम लाल रसाईली (फरक क्षमताका साईकल यात्री) लाई रु ३०,००० (अक्षेरूपी तीस हजार मात्र) राहत स्वरूप आर्थिक सहायता प्रदान गरिएकोले सो खर्च भएको रकम समर्थन गर्ने ।

३. कर्णाली प्रदेश वित्तिय हस्तान्तरण सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

४. लेखा उत्तरदायी अधिकृतहरूले स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आफु मातहतका अधिकृतहरूलाई अधिकार प्रत्यायोजन गर्ने, मन्त्रालयबाट निश्चित कार्यक्रमहरू प्रचलित कानून बमोजिम कार्यान्वयन गर्न जिम्मेवारी तोक्ने र जिम्मेवारी पाएको अधिकारीले तोकेको कार्य सम्पन्न भएपछि भुक्तानीका लागि सिफारिस गर्ने

**प्र.मं.प.बै.सं. १०।०७५**

**२०७५ साल जेठ १९ गते शनिवार १८:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. गाँउ सभा/नगर सभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

२. जिल्ला सभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

**प्र.मं.प.बै.सं. ११।०७५**

**२०७५ साल जेठ २० गते आईतवार ११:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. गाँउ सभा र नगर सभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

२. जिल्ला सभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

३. कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ स्वीकृत गर्ने ।"

४. प्रदेश सार्वजनिक सडकको ब्यवस्था तथा संचालन विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने ।

५. प्रदेश बिद्युत शक्तिको विकास, उत्पादन, वितरण र ब्यवस्थापन सम्बन्धी विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने ।

६. प्रदेश सवारी तथा यातायात ब्यवस्था सम्बन्धी विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने ।

७. विविधः माननीय मुख्यमन्त्रीज्यूले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश मन्त्रिपरिषद्को नियमित बैठक बस्ने मिति तोक्ने ।

**प्र.मं.प.बै.सं. १२।०७५**

**२०७५ साल जेठ २३ गते बुधवार १७:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश सरकारको आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम स्वीकृत गरी प्रदेश सभामा पेश गर्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १२/२०७५/०२/२३ को प्रस्ताव सम्बन्धमा " कर्णाली प्रदेश सरकारको आ.व २०७५।०७६ को नीति तथा कार्यक्रम बि.सं २०७५ जेठ २५ गतेका दिन प्रदेश सभामा प्रस्तुत गर्न माननीय प्रदेश प्रमुखज्यूलाई अनुरोध गर्ने ।"

**प्र.मं.प.बै.सं. १३।०७५**

**२०७५ साल जेठ २४ गते बिहिवार २१:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश सरकारको आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने ।

**प्र.मं.प.बै.सं. १४।०७५**

**२०७५ साल जेठ २५ गते शुक्रवार १९:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश सरकारको आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम मिति २०७५।०२।२६ गते अपरान्ह ०१.०० बजे प्रदेश सभाको कार्यसूचीमा समावेश गरिदिनका लागि प्रदेश सभा सचिवालयलाई अनुरोध गर्ने र उक्त नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गरिदिनका लागि माननीय प्रदेश प्रमुखज्यूलाई अनुरोध गर्ने ।

२. कर्णाली प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरु र प्रदेश मन्त्रिपरिषद्का पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धी प्रदेश कानून नबनेसम्मका लागि पदाधिकारी नियुक्ति भइ बहाल भएको मिति देखि लागु हुने गरी पारिश्रमिक र सुविधा उपलब्ध गराउने ।

**प्र.मं.प.बै.सं. १५।०७५**

**२०७५ साल जेठ २८ गते सोमवार १६:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश सुचनाको हक सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्नको लागि सैद्धान्तिक सहमति दिने ।

२. कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्नको लागि सैद्धान्तिक सहमति दिने ।

३. कर्णाली प्रदेश कर तथा गैरकर सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

**प्र.मं.प.बै.सं. १६।०७५**

**२०७५ साल जेठ ३१ गते बिहिवार १५:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. जाजरकोट जिल्लाको जुनीचाँदे गाँउपालिकाको केन्द्र परिवर्तन गरी लुहादहमा कायम गर्ने ।

२. कर्णाली प्रदेश वातावरण संरक्षण विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने ।

३. कर्णाली प्रदेश प्रहरी सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्नको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने ।

४. आ.व २०७५/७६ को विनियोजन विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

५. कर्णाली प्रदेश आर्थिक विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

६. कर्णाली प्रदेश ऋण उठाउने विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

**प्र.मं.प.बै.सं. १७।०७५**

**२०७५ साल असार १६ गते शनिवार ०६:३० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद् सदस्यज्यूहरू (माननीय मुख्यमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरू) र उहाँहरूले नियुक्ति गर्नु भएका स्वकिय सचिव तथा कार्यालय सहयोगीहरूलाई नियुक्ति भएको मितिदेखि लागु हुने गरी मन्त्रिपरिषद्को मिति २०७५/०२/२५ गतेको निर्णय बमोजिम स्वीकृत मापदण्ड भित्र रहि पारिश्रमिक लगायतका सुविधा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराउने र सम्बन्धित मन्त्रालयबाट सुविधा उपलब्ध भैसकेको भए दोहोरो नपर्ने गरी हिसाव मिलान गर्ने ।

२. पलाता गाँउपालिका वडा नं १ कालिकोट निवासी श्री प्रमानन्द न्यौपानेलाई मुख्यमन्त्री राहत सहायता कोषबाट दिइएको आर्थिक सहायता रू. ४०,०००.०० (अक्षरेपी चालिसहजार रूपिया मात्र) अनुमोदन गर्ने ।

३. जाजरकोट जिल्लाको जुनीचाँदे गाँउपालिकाको केन्द्र परिवर्तन गरी वडा नं ४ लुहादहमा कायम गर्ने विषयको विबाद सम्बन्धी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १८/२०७५/०३/१४ को प्रस्ताव सम्बन्धमा “मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी पेश गर्ने "।

४. उच्चस्तरीय कर्णाली प्रदेश बाढी पहिरो समस्या समाधान समिति (गठन) आदेश, २०७५ तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

५. आकस्मिक स्वास्थ्य सेवा कोष (सञ्चालन) निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

**कार्यसूचीमा नभएका बिषयहरू :**

६. माननीय मुख्यमन्त्रीज्यूले प्रस्तुत गर्नु भएको मन्त्रिपरिषद् सदस्यहरूले कुनै पनि गैरसरकारी संस्थाको कार्यक्रममा सहभागि हुँदा कुनै पनि भत्ता भुक्तानी नलिने । साथै मन्त्रिपरिषद् सदस्यहरू र कर्णाली प्रदेशका कर्मचारीहरूले समेत कार्यालय समयमा संचालन हुने बैठक आदि कार्यक्रमको भत्ता भुक्तानी नलिने ।

७. माननीय मुख्यमन्त्रीज्यूको अनुमति लिइ माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले प्रस्तुत गर्नु भएको (क) पूर्वमन्त्री तथा प्रदेश सभाका पूर्व संसदीय दलका नेता माननीय यामलाल कंडेलज्यूलाई बिपक्षी दलका नेता सरहको सेवा सुविधा उपलब्ध गराउने र (ख) कर्णाली प्रदेश मन्त्रिपरिषद्को मिति २०७५/०२/२५ को बैठकबाट स्वीकृत प्रदेश मन्त्रिपरिषद्का पदाधिकारी तथा सदस्यले पाउने सुविधा अन्तर्गत “एक जिल्लामा एक पटकमा दुई दिन भन्दा बढि नबस्ने ब्यवस्था गर्ने" भन्ने बाक्यको सट्टा “एक जिल्लामा एक पटकमा पाँच दिन भन्दा बढि नबस्ने ब्यवस्था गर्ने" भन्ने बाक्य राख्ने ।

८. माननीय मुख्यमन्त्रीज्यूको अनुमति लिइ माननीय उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रीज्यूले प्रस्तुत गर्नु भएको रारा कर्णाली पर्यटन वर्ष, २०७५ को २०७५ बैशाख १ गते उदघाटनको सन्दर्भमा भएको खर्चमध्ये भुक्तानी गर्न बाँकि बिल भरपाईहरू सम्बन्धित मन्त्रालयहरूबाट प्राप्त गरी उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले नियमानुसार भुक्तानी गर्ने ।

९. माननीय मुख्यमन्त्रीज्यूको अनुमति लिइ माननीय भौतिक पूर्वाधार विकास मन्त्रीज्यूले प्रस्तुत गर्नु भएको मन्त्रिपरिषद्का सदस्यहरू (माननीय मुख्यमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरू) को आवासको व्यबस्थापन सम्बन्धी सम्पूर्ण कार्य भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्ने ।

**प्र.मं.प.बै.सं. १८।०७५**

**२०७५ साल असार १८ गते सोमवार ०८:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. चन्दननाथ न.पा ५ जुम्ला निवासी श्री हरि बहादुर रोकायलाई रू. एकलाख, साविक जक्तिपुर गा.वि.स -१ जाजरकोट निवासी श्री रीता आचार्यलाई रू. सत्तरीहजार, छायानाथ रारा ४ मुगु निवासी श्री मान बहादुर रावललाई रू. सत्तरीहजार र कालिमाटी गाँउपालिका-६ सल्यान निवासी श्री झक्रमान रोका मगरलाई रू. चालिसहजार मुख्यमन्त्री राहत सहायता कोषबाट आर्थिक सहायता प्रदान गर्ने विषयलाई अनुमोदन गर्ने ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४८० मिति २०७५।०३।०४ को पत्रानुसार Seminar on public Administration for ministrial official of Nepal का लागि 5-14 sept.2018 मा peuples Republic of China मा भाग लिन सचिव श्री यज्ञराज बोहरालाई मनोनयन गर्ने ।

३. कर्णाली प्रदेश बाढी पहिरो समस्या समाधान समिति (गठन) आदेश, २०७५ स्वीकृत गर्ने ।

४. कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

५. कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

**प्र.मं.प.बै.सं. १९।०७५**

**२०७५ साल साउन ०६ गते आइतबार १६:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. सत्र गेज बाक्लो, दुई दशमलव आठ मिलिमिटर गोलो चाँदिको चक्काको तल्लो भागमा नाडीतर्फ जोडिइ औलाहरू विपरित दिशातर्फ फैलिएर माथितिर फर्किएका सुनौलो रंगका दुई हातको माथि नेपालको नक्सा गुलावी रंगमा, कर्णाली प्रदेश हरीयो रंगमा र कर्णाली प्रदेशको माथि नेपालको राष्ट्रिय झण्डा भएको तथा सुनौला दुई हातको तल एउटै लाईनमा सानो अक्षरमा हरीयो रंगले कर्णाली प्रदेश मन्त्रिपरिषद् लेखिएको लोगो स्वीकृत गर्ने ।

२. कर्णाली प्रदेश बाढी पहिरो समस्या समाधान समिति (गठन) आदेश, २०७५ को दफा ३ (च) बमोजिम जिल्ला सुर्खेत, साविक लगाम गा.वि.स. वडा नं. १ हाल चौकुने गाउँपालिका वडा नं. २ का श्री खड्क वि.क., जिल्ला जुम्ला, साविक महत गा.वि.स. वडा नं. ६ हाल चन्दननाथ नगरपालिका वडा नं. ७ का श्री ललित जङ्ग महत र जिल्ला सुर्खेत, साविक छिन्चु गा.वि.स. वडा नं. ८ हाल भेरीगंगा नगरपालिकाका श्री यज्ञ प्रसाद ढकाललाई एक बर्षको लागि सदस्य तोक्ने ।

३. सार्वजनिक खरिद विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने ।

प्र.मं.प.बै.सं. २०।०७५

**२०७५ साल श्रावण १० गते बिहिबार १६:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. प्रदेश लोक सेवा आयोग विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

२. सल्यान जिल्लाको छत्रेश्वरी गाँउपालिकाको केन्द्र साविक छायाँक्षेत्र गा.वि.स भवन रहेको स्थानवाट हालको छत्रेश्वरी गा.वि.स वडा नं ३ र ५ को बीचमा पर्ने तारूपरे भन्ने स्थानमा सार्ने र गाँउपालिकाको नाम छत्रेश्वरीबाट परिवर्तन गरी पाथिभरा छत्रेश्वरीकोट कायम गर्ने ।

३. प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५ लाई प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

४. कर्णाली प्रदेश सरकारले बैदेशिक ऋण, अनुदान, सहायता एवं अन्तर्राष्ट्रिय लगानी प्राप्त गर्ने सम्बन्धमा विकास साझेदारहरू, दातृ निकाय एवं बैदेशिक लगानीकर्ताहरूसंग वार्ता, संवाद र साझेदारी गर्नका लागि नेपाल सरकार तथा अर्थ मन्त्रालयलाई सहमतिको लागि अनुरोध गरी पठाउने ।

५. कर्णाली प्रदेशमा नीजि क्षेत्रवाट लगानी हुने आयोजना/योजना, कार्यक्रम र उद्योगमा राज्यवाट संकलन हुने कर र राजश्वमा दश बर्षसम्म छुट दिने ब्यवस्था मिलाइदिन नेपाल सरकार तथा अर्थ मन्त्रालयलाई अनुरोध गरी पठाउने ।

६. कर्णाली प्रदेशका तपसिलका गौरवका आयोजनाहरूको लागि सरकारको विशेष अनुदान, समपुरक अनुदान, आन्तरिक ऋण तथा बैदेशिक सहायता एवं लगानीको ब्यवस्थापनका लागि नेपाल सरकार तथा अर्थ मन्त्रालयलाई अनुरोध गरी पठाउने ।

**तपसिलः**

१. कोहलपुरदेखि कर्णाली प्रदेश राजधानी सुर्खेतसम्म चार लेन सडक निर्माण आयोजना ।
२. प्रदेश राजधानी सुर्खेतदेखि उत्तरी नाका हिल्सासम्म प्रधानमन्त्री दुरत मार्ग निर्माण आयोजना ।
३. दाङ तुल्सीपुरदेखि सल्यान हुदै रुकुम मुसीकोटसम्म दुई लेन पक्की सडक निर्माण आयोजना ।
४. नाग्मा रारा पर्यटन सडक कालोपत्रे आयोजना ।
५. नलसिं गाड, फूकोट कर्णाली, बेतन कर्णालीजस्ता जल विद्युत आयोजना ।
६. सुर्खेतमा अन्तर्राष्ट्रिय मापदण्डको विमानस्थल निर्माण आयोजना ।
७. सुर्खेत बर्दिया सुरुङ मार्ग निर्माण आयोजना ।
८. कर्णाली, भेरी र बबई लिफ्ट सिचाई एवं खानेपानी योजना ।
९. जडीबुटी प्रशोधन केन्द्र स्थापना ।
१०. औषधि उद्योग स्थापना ।
११. सुर्खेत चौकुने तथा सल्यान कजेरी सिमेण्ट उद्योग संचालन ।
१२. खनिज तथा पेट्रोलियम पदार्थ उत्खनन तथा प्रशोधन ।
१३. कर्णाली पर्यटन सर्किट निर्माण योजना ।
१४. अर्गानिक कृषि व्यबसाय प्रबर्धन कार्यक्रम संचालन ।
१५. प्रादेशिक मेडिकल कलेज स्थापना ।

१६. प्राविधिक विश्वविद्यालय स्थापना ।
१७. एयर एम्बुलेन्स सेवा संचालन ।
१८. एकिकृति बस्ती विकास तथा नमूना गाउँ शहर कार्यक्रम ।
१९. प्रादेशिक प्रट्रोलियम भण्डारण केन्द्र स्थापना ।
२०. रुकुम मुसीकोट सल्यान खलङ्गा कालिमाटी कोहलपुर हुदै जमुनाहा नाका जोड्ने सडक आयोजना ।
२१. सुर्खेत, दैलेख, कालिकोट, जुम्ला हुँदै मुगु रारा सम्मको दुई लेन सडक आयोजना ।
२२. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको दोश्रो चरणको शैक्षिक कार्यक्रम संचालन ।

७. UN Environment and Asian Institution of Technology (AIR) द्वारा Bangkok, Thailand मा 9-13 July, 2018 (कार्यक्रम मिति सरेको भन्ने बुझिएको) सम्म सञ्चालन हुने "Green climate Fund (GCF) proposal Development" बिषयक बैदेशिक अध्ययन/तालिम/छात्रवृत्ति कार्यक्रममा यस प्रदेशको तर्फबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव (नेपाल न्याय सेवा, कानून समूह, रा.प.प्रथम श्रेणी) श्री कलानिधि पौडयाललाई मनोनयन गर्ने ।

**प्र.मं.प.बै.सं. २१।०७५**

**२०७५ साल श्रावण २६ गते शनिबार १७:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा अनसनरत डा. गोविन्द के.सी.को जीवन रक्षाको लागि हेलिकप्टरबाट काठमाडौ उद्धार गर्ने क्रममा मिति २०७५/०४/०३ गतेका दिन उक्त प्रतिष्ठानमा भएको घटनाको सम्बन्धमा छानविन गरी सत्यतथ्य पत्ता लगाई प्रतिवेदन पेश गर्न तपसिल बमोजिमका अधिकारी रहेको कार्यदल गठन गर्ने । उक्त कार्यदलले कार्य सुरू गरेको मितिले ७ दिन भित्र कार्य सम्पन्न गर्ने गरी सत्यतथ्य पत्ता लगाई सुझाव सहितको प्रतिवेदन पेश गर्ने र सेवा सुविधा सम्बन्धित मन्त्रालयबाट भुक्तानी गर्ने ।

<u>तपसिल :</u>

सचिव (कानून)श्री कलानिधि पौड्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश सुर्खेत संयोजक

उपसचिव श्री भक्तबहादुर कार्की, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत सदस्य

जनस्वास्थ्य प्रशासक श्री बृषबहादुर शाही, सामाजिक बिकास मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत सदस्य

२. प्रदेश सरकारको दीर्घकालिन सञ्चालन र ब्यवस्थापनका लागि स्थायी रुपमा भौतिक पूर्वाधारहरु निर्माण गर्न उपयुक्त जग्गा खोजि गरी कार्य प्रारम्भ गरेको १५ दिन भित्र सिफारिस गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई जिम्मेवारी दिने साथै प्रदेशका जिल्लाहरुमा खारेज हुने विषयगत कार्यालयहरुको संरचनाहरु र प्रदेश राजधानी वीरेन्द्रनगरमा रहेका क्षेत्रिय कार्यालयहरुका संरचनाहरु कर्णाली प्रदेश सरकारलाई उपलब्ध गराइदिन नेपाल सरकारलाई अनुरोध गर्ने ।

३. प्रदेश कानून नबनेका विषयमा त्यस्ता कानून नबनेसम्मका लागि संघीय कानून अनुसार कार्य सञ्चालन गर्ने ।

४. डोल्पा जिल्लाको मुड्केचुला गाउँपालिकाको नाम र केन्द्रमा असहमत भइ भुगोल छानविन गरी केन्द्र कायम गर्न माग गरिएको निवेदन सम्बन्धी विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. २९/२०७५/०४/२६ को प्रस्ताव सम्बन्धमा "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने"।

<u>**कार्यसूचीमा नभएका विषय**</u>

५. माननीय मुख्यमन्त्रीज्यूको अनुमति लिइ माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले प्रस्तुत गर्नु भएको प्रमुख प्रतिपक्ष दलका नेतालाई उपलब्ध गराइएको सेवा सुविधामा हलुका सवारी चालकको सुविधा थप गर्ने ।

**प्र.मं.प.बै.सं. २२।०७५**

**२०७५ साल भाद्र ०९ गते शनिबार ९:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्‌को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश सरकारका मन्त्रालयहरूको संगठन तथा ब्यवस्थापन सर्वेक्षण समिति गठन गर्ने ।

२. संगठन संरचना र दरवन्दी तेरिज तथा कर्मचारी ब्यवस्थापन सम्बन्धी विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको नं. ३१/२०७५/०५/०८ को प्रस्ताव सम्बन्धमा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त प्रदेश मन्त्रालय मातहतका निकाय/कार्यालयहरूको संगठन संरचना र दरबन्दी तेरिजमा प्रदेश मन्त्रालहरूबाट गरिएको परिमार्जन समेत समावेश गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लेखि पठाउने साथै प्राप्त संगठन संरचना बमोजिम प्रदेशमा खटिई आउने कर्मचारीहरूलाई सम्बन्धित मन्त्रालयले नीति कार्यक्रम र बजेट कार्यान्वयन गर्न सहज हुने गरी मातहत कार्यालयहरूमा अस्थाई रूपमा काजमा खटाउने र स्थापना हुने नयाँ प्रदेश संरचनाहरूलाई क्रियासिल बनाउने ।"

३. प्रदेश विपद् ब्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५ लाई स्वीकृति प्रदान गर्ने ।

४. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहने संलग्न विवरण अनुसारका निर्देशनालय, कार्यालय र निकायहरु रहने स्थान तथा ती निकायहरुले प्रयोग गर्ने लेटरप्याड र छाप सम्वन्धमा स्वीकृती प्रदान गर्ने ।

५. कर्णाली प्रदेश गरिबी निवारण समन्वय समिति (गठन तथा सञ्चालन) निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

६. प्रदेश खेलकुद विधेयक, २०७५ तर्जुमा गर्नको लागि सामाजिक विकास मन्त्रालयलाई सैद्धान्तिक सहमति प्रदान गर्ने ।

७. प्रदेश शिक्षा विधेयक, २०७५ तर्जुमा गर्नको लागि सामाजिक विकास मन्त्रालयलाई सैद्धान्तिक सहमति प्रदान गर्ने ।

८. प्रदेश स्वास्थ्य विधेयक, २०७५ तर्जुमा गर्नको लागि सामाजिक विकास मन्त्रालयलाई सैद्धान्तिक सहमति प्रदान गर्ने ।

९. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.संः ज.यो.वि.शा.३१५/२०७५/०७६, च.नं.४८, मिति २०७५/०४/०९ को पत्रानुसार 16-22 November 2018 सम्म Training Centre, Chinese Academy of Governance द्वारा China मा सञ्चालन हुने "Seminar on Capability of Governance for Ministerial Officials of Nepal in 2018" विषयक अध्ययन/तालिम छात्रवृत्तिमा मुख्यमनत्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका प्रमुख सचिव श्री राम प्रसाद थपलियालाई मनोनयन गर्ने।

१०. Embassy of United stated of America, Nepal को 8 August 2018 को पत्रानुसार भियतनामको हनोइमा वि.स. २०७५ भाद्र २६ देखी २८ तदनुसार 11-13 September 2018 सम्म आयोजना गरीएको "Identifying Best Practices in Infrastructure Financing and Public Private Partnership" विषयक गोष्ठीमा सहभागीताको लागि उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव श्री धिरेन्द्र कुमार प्रधानलाई मनोनयन गर्ने ।

११. मन्त्रिपरिषद्को मिति २०७५/०३/१६ गतेको बैठकबाट मन्त्रिपरिषद्का सदस्यज्यूहरूको आवासको व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य भौतिक पूर्वाधार बिकास मन्त्रालयले गर्ने निर्णय भएकोमा उक्त कार्यको भौतिक पूर्वाधार विकास मन्त्रालयबाट मापदण्ड तयार नभएसम्मका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसंग समन्वय गरी मितव्यता पूर्वक सम्बन्धित मन्त्रालयले गर्ने ।

**कार्यसूचीमा नभएका बिषय :**

१२. माननीय मुख्यमन्त्री तथा मन्त्रीहरूको साविक सेवा सुविधामा देहायबमोजिम सेवा सुविधा थप गर्ने ।

क) माननीय मुख्यमन्त्रीज्यूको स्वकीय सचिवालयमा रा.प. द्वितीय श्रेणी स्तरको प्रेश सल्लाहकार मिति २०७५ श्रावण महिनादेखि र रा.प.अनं.प्रथम श्रेणीको ना.सु/कम्प्यूटर अपरेटर एक र कार्यालय सहयोगी एकको सुविधा नियुक्ति भएको मितिदेखी थप गर्ने । साथै साविकको भैपरी खर्च सुविधामा २०७५ श्रावण महिनादेखि थप गरी मासिक पन्ध्रहजार रुपैया उपलब्ध गराउने ।

ख) माननीय मन्त्रीज्यूहरुको सचिवालयमा रा.प.अनं.प्रथम श्रेणीको ना.सु/कम्प्यूटर अपरेटर एक सुविधा नियुक्ति भएको मितिदेखी थप गर्ने । साथै साविकको भैपरी खर्च सुविधामा २०७५ श्रावण महिनादेखि थप गरी मासिक दशहजार रुपैया उपलब्ध गराउने ।

**प्र.मं.प.बै.सं. २३।०७५**

**२०७५ साल भाद्र १६ गते शनिबार १५:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश सरकारलाई अनुसन्धान र विकास सम्बन्धमा सल्लाह सुझाव उपलब्ध गराउन देहाय अनुसार बिज्ञ समूह गठन गर्ने । साथै बिज्ञ समूहका सदस्यलाई कर्णाली प्रदेशमा भ्रमण गर्नुपर्दा स्वीकृत भ्रमण आदेश अनुसार विशिष्ट श्रेणी सरह दैनिक तथा भ्रमण भत्तामात्र उपलब्ध गराउन सकिने ।

<u>बिज्ञ समूहका सदस्यहरुः</u>

१. मा.जनार्दन शर्मा
२. श्री बालानन्द पौडेल
३. डा. सुरेश तिवारी
४. डा. पुन्य रेग्मी
५. डा. कृष्ण प्रसाद पौडेल
६. डा. कुसेन्द्र महत
७. डा. पदम शाही
८. श्री सुरेन्द्र विक्रम शाह
९. श्री मुक्ति प्रधान
१०. श्री गोबिन्द बन्दी
११. श्री सुरेन्द्र उप्रेती

२. कर्णाली प्रदेश मुद्रण सम्बन्धी बिधेयक, २०७५ तर्जुमा गर्नका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

३. प्रदेश विपद् व्यबस्थापन कोष सञ्चालन निर्देशिका, २०७५ लाई स्वीकृति प्रदान गर्ने विषयको आन्तिरक मामिला तथा कानून मन्त्रालयको नं. २९/२०७५/०५/०९ को प्रस्ताव प्रदेश मं.प.वै.सं २२/०७५ मिति २०७५/०५/०९ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार समितिको बैठक संख्या १/०७५ मिति २०७५/०५/१६ को बैठकबाट "निर्देशिकाको नाम सहित अन्य केहि विषयहरू समेत परिमार्जन गरी परिमार्जन सहितको निर्देशिका स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गर्ने।" निर्णय भई आएकोले "समितिबाट पेश भए बमोजिमको परिमार्जन सहितको निर्देशिका स्वीकृत गर्ने ।"

४. ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन्, क्रसिङ्ग बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यवस्थित गर्ने कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

५. भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगत रहने निर्देशनालय, डिभिजन/सव डिभिजन कार्यालयहरू उल्लेख भए बमोजिमको स्थानहरूमा उल्लेखित कार्यालयहर रहने स्थान तथा ती निकायहरूले प्रयोग गर्ने लेटरप्याड र छाप सम्बन्धमा स्वीकृत दिने विषयको भौतिक पूर्वाधार विकास मन्त्रालयको नं.

७/२०७५/०५/१५ को प्रस्ताव सम्बन्धमा "यातायात व्यवस्था कार्यालय, कर्णाली प्रदेश जुम्ला र यातायात व्यवस्था सेवा कार्यालय कर्णाली प्रदेश सुर्खेतको दरवन्दी, लेटरप्याड र छाप स्वीकृत गर्ने र अन्य विषयहरुको हकमा आवश्यक परिमार्जन सहित पुनः प्रस्ताव पेश गर्ने ।"

**प्र.मं.प.बै.सं. २४।०७५**

**२०७५ साल भाद्र १८ गते सोमबार ८ः०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. Korea International Cooperation Agency बाट कर्णाली प्रदेशमा सुविधा सम्पन्न वहुप्राविधिक शिक्षालय स्थापना गर्न तथा केही महत्वपूर्ण योजना (विद्युत, सडक, खानेपानी, शिक्षालय भवन जस्ता भौतिक पूर्वाधार) सञ्चालनका लागि सहायता प्राप्त गर्न आवश्यक सहयोग र समन्वय गरी अनुमति प्राप्त गर्न नेपाल सरकार अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

२. यसै साथ संलग्न प्रस्तावित संगठन संरचना र दरबन्दी स्वीकृतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने ।

३. यसै साथ संलग्न प्रस्तावित तत्कालिन संरचना स्वीकृत गरी बार्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति दिने ।

**प्र.मं.प.बै.सं. २५।०७५**

**२०७५ साल भाद्र २० गते बुधबार ११:३० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. The People's Government of Sichuan Province, China को आयोजनामा 20- 24 september 2018 सम्म Louvre Garden, Jinjiang Hotel, Chengdu, Sichuan Province, China मा सम्पन्न हुने The 17th Western China International Fair मा सहभागी हुनको लागि कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय महेन्द्र बहादुर शाही र आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाको ९ दिन (September 18-26 सम्म) को वैदेशिक भ्रमण स्वीकृतिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

**प्र.मं.प.बै.सं. २६।०७५**

**२०७५ साल भाद्र ३० गते शनिबार १७:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. सुर्खेत जिल्लाको सिम्ता गाँउपालिकाको केन्द्र विवाद सम्बन्धि विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ३६/२०७५/०५/३० को प्रस्ताव सम्बन्धमा "सुर्खेत जिल्लाको सिम्ता गाँउपालिकाको बजेडिचौरमा रहेको केन्द्र राकमको पातचौरमा सार्ने गरी मिति २०७४/११/०५ मा सम्पन्न गाँउ सभाको दुइतिहाइ बहुमतबाट निर्णय भएको देखिएको र सो निर्णयको विरुद्धमा उच्च अदालत सुर्खेतमा परेको रिट समेत सम्मानित उच्च अदालतको मिति २०७४/१२/२० को आदेशबाट खारेज भएको देखिएको हुँदा गाँउपालिकाको उक्त निर्णय अनुसार केन्द्र सार्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गरी पठाउने।"

२. जुम्ला जिल्लाको हिमा गाँउपालिकाको केन्द्र विवाद सम्बन्धि विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ३७/२०७५/०५/३० को प्रस्ताव सम्बन्धमा "प्रदेश मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी प्रदेश मन्त्रिपरिषदमा पेश गर्ने ।"

३. प्रदेश सार्वजनिक सेवा प्रसारण विधेयक, २०७५ तर्जुमा गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

४. खर्च इकाई स्थापना भइ अख्तियारी प्रदान नभए सम्म कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ समेतलाई आधार लिई रू पाच लाख सम्मको निर्माण कार्य तथा परामर्श सेवाको हक मा सोझै खरिद तथा रू पाच लाख भन्दा बढी रू वीस लाख सम्मको निर्माण कार्यको हकमा १५ दिनको सुचना मार्फत प्रतिस्पर्धा बाट कार्य सम्पादन गर्न सकिने तथा रू. वीस लाख सम्मको परामर्श सेवाको हकमा मन्त्रालयले तयार गरेको मौजुदा सूचीबाट आर्थिक र प्राविधिक प्रस्ताव लिई सम्बन्धित मन्त्रालयबाट कार्य सम्पादन गर्ने ।

५. सामाजिक विकास मन्त्रालयको प्रस्तावित संगठन संरचना र दरबन्दी स्वीकृत भई नआउदासम्म देहायबमोजिमको व्यबस्था गरी कार्यसंचालन गर्ने ।

   १. जुम्ला, हुम्ला, मुगु, डोल्पा, सल्यान र सुर्खेत जिल्लामा स्थापना हुने स्वास्थ्य कार्यालयहरूमा अनुसूची क अनुसार शिक्षा शाखा र सामाजिक सेवा शाखा थप गरी कार्यसंचालन गर्ने ।

   २. कालिकोट, जाजरकोट, दैलेख र रूकुम जिल्लामा संलग्न अनुसूची ख अनुसार सामाजिक विकास कार्यालयमा अस्थायी रूपमा कर्मचारीहरू खटाई कार्य संचालन गर्ने ।

   ३. क्षेत्रीय अस्पताल सुर्खेतलाई प्रदेश अस्पताल सुर्खेत, भेरी अञ्चल आयुर्वेद औषधालय, सुर्खेतलाई सुर्खेत आयुर्वेद औषधालय, सुर्खेत र कर्णाली अञ्चल आयुर्वेद औषधालय जुम्लालाई जुम्ला आयुर्वेद औषधालय, जुम्ला नामाकरण गर्ने र ती निकायहरूले प्रयोग गर्ने लेटर प्याड र छाप संलग्न अनुसुची ग अनुसार स्वीकृत गर्ने ।

६. क्षेत्रीय अस्पताल सुर्खेतलाई स्तरोन्नती गरी प्रादेशिक शिक्षण अस्पतालको रुपमा विकास गर्नको साथै प्रदेशको समग्र स्वास्थ्य सेवा सुधारको लागि सल्लाह, सुझाव र परामर्श उपलब्ध गराउन मन्त्रालयले

तोकेको कार्य विबरण अनुसार कार्य गर्न देहाय अनुसारको परामर्श समिति गठन गर्ने र समितिका सदस्यहरुलाई स्वीकृत भ्रमण आदेश अनुसार कर्णाली प्रदेशमा भ्रमण गर्न पर्दाको अवस्थामा रा.प.विशिष्ट श्रेणी सरहको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउने । सो समितिमा सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुखले सदस्य-सचिवको रूपमा काम गर्ने ।

<u>कर्णाली प्रदेश स्वास्थ्य परामर्श समिति</u>

| | | |
|---|---|---|
| १. | डा. भगवान कोइराला | संयोजक |
| २. | डा. अर्जुन कार्की | सदस्य |
| ३. | डा. सेनेन्द्रराज उप्रेति | सदस्य |
| ४. | डा. सुरेश तिवारी | सदस्य |
| ५. | डा. डम्वर खड्का | सदस्य |
| ६. | डा. मंगल रावल | सदस्य |
| ७. | डा. तीर्थ थापा | सदस्य |

**<u>विविध :</u>**

७. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्णाली प्रदेश मन्त्रालयहरु र मातहत निकायहरु समेतको लागि १५३ वटा संरचना र २३६६ दरवन्दी स्वीकृत भइ आएकोमा प्रदेशको भौगोलिक विशिष्टताका कारण तत्काल कार्य सहजताको लागि केही संरचना थप गरी परिमार्जन गर्नु पर्ने भएकोले भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत ६ वटा थप गरी २९, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत साविककै ६९, भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत साविककै २४, सामाजिक विकास मन्त्रालय अन्तर्गत ४ वटा सामाजिक विकास कार्यालय थप गरी ३४, आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत ९ वटा थप गरी ११ र अन्य निकायहरुमा साविककै ५ वटासमेत १७२ वटा संगठन संरचना कायम हुन आएको। यी संरचनाहरुमा कर्मचारी व्यबस्थापनको सन्दर्भमा स्वीकृत दरवन्दीमध्ये सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ७६४ कर्मचारी खटाइएकोमा केही कर्मचारीहरु हालसम्म हाँजिर हुन आइनसकेको र पूर्ति हुँन बाँकी १६०२ दरवन्दीमा समेत कर्मचारी खटिइ नआउँदा मातहतका संरचनाहरुलाई क्रियाशील बनाउन सकिएको छैन। अतः यस प्रदेशमा खटिइ आउन बाँकी र खटाउन बाँकी जनशक्तिलाई तत्काल खटाई पठाइदिन नेपाल सरकारलाई अनुरोध गर्ने। साथै यस प्रदेशका उच्च हिमाली पाँच जिल्लाहरुमा प्रतिकूल मौसम तथा दुर्गमताका कारण कार्तिकभन्दा पछाडि भौतिक पूर्वाधार निर्माणका कार्य गर्न कठिन हुने तथा प्रदेश सरकारको स्वीकृत नीति तथा कार्यक्रम र चालु बजेट कार्यान्वयन गर्नको लागि तत्काल जनशक्तिको आवश्यकता पर्ने हुँदा थप जनशक्तिको खटन नहुँदासम्मको अवधिको लागि विकास निर्माणका कार्यलाई सुचारु गर्न आवश्यक पर्ने प्राविधिक जनशक्ति सेवा करारमा लिइ कार्य सञ्चालन गर्ने गराउने स्वीकृतिका लागि नेपाल सरकार समक्ष लेखि पठाउने।

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम प्रदेश समन्वय परिषद्को वैठक यही असोज १९ र २० गते गर्ने गरी मिति तय गर्ने र सो परिषदमा प्रस्तुत गर्ने विषयहरुमा सम्बन्धित मन्त्रालयले आवश्यक तयारी गर्ने।

**प्र.मं.प.बै.सं. २७।०७५**

**२०७५ साल आश्विन २८ गते आईतबार ०७:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कोहलपुरदेखि कर्णाली प्रदेश राजधानी सुर्खेत हुँदै उत्तरी नाका हुम्लाको हिल्सा जोड्ने कोहलपुर-सुर्खेत-हिल्सा सडक निर्माण तथा स्तरोन्नतिको लागि China Railway Eryuan Engineering Company (CREEC) मार्फत संभाव्यत्ता अध्ययन गर्ने, विस्तृत परीयोजना प्रतिवेदन तयारी गर्ने र उक्त सडकको निर्माण कार्य गर्न जिम्मेवारी दिने गरी प्रक्रिया अगाडि बढाउन नेपाल सरकार तथा नेपाल सरकार अर्थ मन्त्रालय समक्ष सिफारिस गर्ने ।

२. यसै साथ संलग्न The People's Government of Guangzhou Municipality को आयोजनामा Baiyun International Convention Center, Guangzhou, China मा संचालन हुने Theme Forum of 2018 Guangdong 21st Century Maritime Silk Road International Expo (24th to 26th October, 2018) कार्यक्रममा सहभागी हुनका लागि माननीय मन्त्री विमला के.सी.ज्यूको ६(छ) दिनको वैदेशिक भ्रमण स्वीकृतिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

३. कर्णाली प्रदेश मन्त्रिपरिषद्को मिति २०७५।०५।३० को बैठकबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम प्रदेश समन्वय परिषद्को वैठक असोज १९ र २० गते गर्ने गरी मिति तय भएकोमा विभिन्न कारणले सो बैठक उक्त मितिमा हुन नसकेको हुँदा आवश्यकतानुसार पछि मिति तय गर्ने।

**प्र.मं.प.बै.सं. २८।०७५**

**२०७५ साल कार्त्तिक १५ गते बिहिबार १८:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

२. कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

३. कर्णाली प्रदेश भ्रमण खर्च नियमावली, २०७५ स्वीकृत गर्ने ।

४. कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ स्वीकृत गर्ने ।

५. कर्णाली प्रदेश सभाको चालु अधिवेशन मिति २०७५/०७/१८ गते रातको १२:०० बजेदेखि अन्त्य गर्न नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने ।

६. कर्णाली प्रदेशको राजधानी सुर्खेतदेखी प्रदेशका विभिन्न हिमाली तथा पहाडि जिल्लाहरुमा नियमित हवाई सेवा सञ्चालन नहुँदा प्रदेश राजधानी र जिल्लाहरुबीच आवागमनमा कठिनाई परिरहेको हुँदा सुर्खेत विमानस्थललाई आधार स्थल तोकि तत्काल नेपाल वायु सेवा निगमको कम्तिमा एउटा विमान रात्रीकालिन समयमा अनिवार्य रुपमा सुर्खेत विमानस्थलमा रहने र विहानी तथा दिवाकालीन समयमा प्रदेशका विभिन्न हिमाली तथा पहाडि जिल्लाका विमानस्थलहरुमा AIR STOL को रुपमा नियमति हवाई सेवा सञ्चालन गर्ने र अन्तर प्रदेशमा समेत संभाव्यत्ताको आधारमा हवाई सेवा सुचारु गर्ने गराउने व्यबस्थाको समन्वय र सहजिकरण गरिदिन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संस्कृति, पर्यटन तथा नागरीक उडययन मन्त्रालय मार्फत नेपाल वायु सेवा निगम र नेपाल नागरीक उडययन प्राधिकरणलाई अनुरोध गर्ने ।

**प्र.मं.प.बै.सं. २९।०७५**

**२०७५ साल मंसिर ०३ गते सोमबार १९:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश कानून आयोग गठन सम्बन्धी आदेश, २०७५ स्वीकृत गर्ने ।

२. कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ स्वीकृत गर्ने ।

३. स्वीकृत दरवन्दि बमोजिमको जनशक्ति पूर्ती गर्ने ।

४. सम्माननिय उपराष्ट्रपतिज्यूलाई निमन्त्रणा गर्ने ।

५. मन्त्रालय अन्तरगत स्वीकृत रिक्त दरबन्दीमा करार सेवामा कर्मचारी भर्ना गर्ने।

६. जुम्ला जिल्लाको तातोपानी र गुठिचौर गाँउपालिकाको केन्द्र सार्ने सम्बन्धी विवाद सम्बन्धमा मन्त्रिपरिषद् राजनैतिक समितिबाट उक्त दुबै गाँउपालिकाको साविक नेपाल सरकारले तोकेको केन्द्र हेरफेर गर्न गाँउ सभामा विधिवत रूपले प्रस्ताव पेश भएता पनि स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद २ को दफा ४ (३) बमोजिम दुई तिहाई बुहमतले पारित हुन नसकेकोले गाँउपालिकाको कार्यापलिकाले प्रदेश सरकारमा पेश गर्न सक्ने अवस्था नरहेकोले यसमा प्रदेश सरकारले केही गर्नुपर्ने देखिएन भन्ने ब्यहोरा पेश हुन आएकोले राजनैतिक समितिबाट पेश भएबमोजिम गर्ने ।

**प्र.मं.प.बै.सं. ३०।०७५**

**२०७५ साल मंसिर ०४ गते मंगलबार ०८:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश योजना आयोगका पदाधिकारी नियुक्ति ।

२. कर्णाली प्रदेश सरकार अन्तरगत संचालन हुने अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५ स्वीकृत गर्ने ।

३. कर्णाली प्रदेश सरकारले संघीय राजधानी काठमाण्डौबाट समेत विभिन्न कार्यहरू सम्पादन गर्नुपर्ने हुँदा काठमाण्डौमा कर्णाली प्रदेश सरकारको सम्पर्क कार्यालय (कर्णाली हाउस) खोल्ने सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक पहल गर्ने ।

प्र.मं.प.बै.सं. ३१।०७५

**२०७५ साल मंसिर २९ गते शनिबार १:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ दोस्रो संशोधन गर्ने ।

२. कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

३. एकिकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

४. राजपत्र छपाई गर्ने ।

५. हुम्लाको हिल्सामा एकिकृत भवन निर्माण गर्न सहमति प्रदान गर्ने ।

६. द्वन्द्व पीडित राहत वितरण कार्यविधि, २०७५ लाई स्वीकृति प्रदान गर्ने ।

७. जिल्ला/इलाका प्रहरी कार्यालय र प्रहरी चौकी समेतका १२ वटा भवन निर्माण गर्न स्वीकृति प्रदान गर्ने ।

८. सवारी साधन खरिद गर्न स्वीकृति प्रदान गर्ने (पिकअप भ्यान र हेभी) विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/३७-२०७५/०८/२८ को प्रस्ताव सम्बन्धमा "मन्त्रालयको स्वामित्वमा रहने गरी प्रहरी कार्यालयहरुको प्रयोगको लागि सवारी साधन पिकअप ५(पाँच) थान र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रयोगको लागि जिप १(एक) थान खरिद गर्न स्वीकृत प्रदान गर्ने ।"

९. संघ तथा प्रदेशको वजेट हस्तान्तरण वा अख्तियारी प्रदान गर्ने ।

१०. कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ संशोधन गर्ने ।

११. कर्णाली प्रदेश योजना आयोगका लागि प्रशासनिक/बजेटरी खर्च अख्तियारी प्रदान गर्ने ।

१२. कर्णाली प्रदेश योजना आयोग सञ्चालन सम्बन्धि प्रशासकीय कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

१३. नेपाल सरकार, समपूरक अनुदान को लागि योजना छनौट गरी पठाउने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/३१-२०७५/०८/२८ को प्रस्ताव सम्बन्धमा “आयोजनाहरूको सूची मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रमाणित गराई अन्य कुरा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

१४. नेपाल सरकार, विशेष अनुदानको लागि योजना छनौट गरी पठाउने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/३२-२०७५/०८/२८ को प्रस्ताव सम्बन्धमा "आयोजना/कार्यक्रमहरूको सूची मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रमाणित गराई अन्य कुरा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

१५. कर्णाली प्रदेश सार्वजनिक खरिद सम्बन्धी निर्देशिका, २०७५ स्वीकृति गर्ने ।

१६. भूमिहिन सुकुम्बासी समस्या समाधान सुझाव आयोग (गठन) आदेश, २०७५ स्वीकृत गर्ने विषयको भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ५/०९-२०७५/०८/२८ को प्रस्ताव सम्बन्धमा " भूमिहिन सुकुम्बासी समस्या समाधान सुझाव आयोग (गठन) आदेश, २०७५ लाई परिमार्जन गरी

यसैसाथ संलग्न कर्णाली प्रदेश भूमि समस्या तथा ब्यवस्थापन सुझाब समिति (गठन) आदेश,२०७५ स्वीकृत गर्ने ।"

१७. मन्त्रालय र निर्देशनालय रहेको जिल्लामा जिल्ला सम्पर्क केन्द्र स्थापना नगरी मन्त्रालय र निर्देशनालयबाट कार्य सञ्चालन गर्ने ।

१८. जमुनाह-सुर्खेत-हिल्सा सडक आयोजनाको सम्भाब्यता अध्ययनको लागि १३ र १४ नोभेम्बर २०१८ मा नेपाली सेनाको एम.आई.१७ हेलिकप्टरबाट Chaina Railway Eryuan Engineering को प्राविधिक जनशक्ति सहित प्रदेश सरकार पदाधिकारीहरूको टिम काठमाण्डौ-सुर्खेत-सिमिकोट-हिल्सा-सिमिकोट-रारा-सुर्खेत-काठमाण्डौ सम्म उडान गरेको हवाई भाडा बिल बमोजिमको रकम रू. २६,७५,९५९।८९ खर्च समर्थन गरी भौतिक पूर्वाधार विकास मन्त्रालयबाट भुक्तानी गर्न स्वीकृति दिने ।

१९. कर्णाली प्रदेश सरकारका मन्त्रालयहरू, मातहतका कार्यालयहरू तथा आवास समेतको प्रयोजनार्थ घर जग्गा प्राप्ति तथा ब्यवस्थापन गर्नको लागि कार्यारम्भ गरेको १५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव (प्रशासन) को संयोजकत्वमा देहायबमोजिमको उच्चस्तरिय कार्यदल गठन गर्नेः

| | |
|---|---|
| सचिव(प्रशासन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - संयोजक |
| सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | - सदस्य |
| उपसचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| उपसचिव, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | - सदस्य |
| अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, सुर्खेत | - सदस्य |
| कार्यालय प्रमुख, भवन तथा शहरी विकास डिभिजन कार्यालय,सुर्खेत | - सदस्य सचिव |

२०. २०. संघीय सरकारको स्वामित्व वा भोगचलनमा रहेको कर्णाली प्रदेश अन्तर्गतका साविक क्षेत्रीय र जिल्लास्तरीय लगायतका सरकारी कार्यालयहरूको भवन र जग्गा कर्णाली प्रदेश सरकारलाई हस्तान्तरण गरी दिनका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने।

**प्र.मं.प.बै.सं. ३२।०७५**

**२०७५ साल पौष १३ गते शुक्रबार १७:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश योजना आयोगका लागि प्रशासनिक/बजेटरी खर्च, जनशक्ति र सचिवालय व्यवस्थापन सम्बन्धी विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं.३/३४-२०७५/०९/१३ को प्रस्ताव सम्बन्धमा "निर्णय हुनुपर्ने व्यहोराको नं ३ को सट्टा सामाजिक विकास मन्त्रालयले भौतिक पूर्वाधार विकास मन्त्रालयलसंग समन्वय गरी प्रदेश शिक्षा निर्देशनालय रहेको भवनको माथि तला थप गर्ने प्रक्रिया अगाडि बढाउने।

२. मनोनयन सम्बन्धी विषयको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं.४/११-२०७५/०९/१२ को प्रस्ताव सम्बन्धमा " विस्तृत रुपमा बुझि पेश गर्ने गरी प्रस्ताव फिर्ता गर्ने।"

३. कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत यस प्रदेशका विभिन्न मन्त्रालयको आवश्यक भवन निर्माणका लागि जग्गा माग गर्ने सम्बन्धी विषयको भौतिक पूर्वाधार विकास मन्त्रालयको नं.६/१०-२०७५/०९/१२ को प्रस्ताव सम्बन्धमा "वीरेन्द्रनगर नगरपालिका वडा नं.७ सुर्खेतमा रहेको सरकारी जग्गामध्ये यस प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय र उच्च अदालत सुर्खेतको दक्षिणतर्फ र कोष तथा लेखा नियन्त्रक कार्यालय, सुर्खेतको उत्तरतर्फको तारवार गरिएको खाली जग्गा र पूर्वमा कोष तथा लेखा नियन्त्रक कार्यालय घण्टाघर मार्ग, पश्चिममा दुर सञ्चार-आँखा अस्पताल चोक मार्ग, उत्तरमा जिल्ला प्रशासन कार्यालय सुर्खेत र कोष तथा लेखा नियन्त्रक कार्यालय परिसर र दक्षिण तर्फ घण्टाघर-आँखा अस्पताल चोक मार्गको चार किल्ला भित्रको खालि रहेको सरकारी जग्गा प्रदेश सरकारको संरचना निर्माण प्रयोजनका लागि कर्णाली प्रदेश सरकारलाई उपलब्ध गराइदिन नेपाल सरकारलाई अनुरोध गर्ने ।"

४. एकद्वार प्रणालीबाट स्वीकृत कार्यविधि अनुसार पुनर्स्थापनाको कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धि विषयको भौतिक पूर्वाधार विकास मन्त्रालयको नं.६/११-२०७५/०९/१३ को प्रस्ताव सम्बन्धमा "कालिकोट जिल्ला पलाता गाउँपालिका वडा नं.१ मा मिति २०७५/०९/०८ गते राति आगलागीबाट क्षतिग्रस्त वस्तीमा वस्ती विकास गर्न अग्नी पिडित पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।उक्त कार्यक्रम कार्यान्वयन गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयले प्राविधिक टोली खटाइ अग्नी पिडित परिवारहरुसंग छलफल गरी नमूना नक्शाहरु सिफारिस गर्ने, प्राविधिक सहयोग सहरी विकास तथा भवन कार्यालयका प्राविधिकहरुबाट उपलब्ध गराउने र लागत सहभागितामा घर निर्माण गर्न प्रति पिडित परिवार पाँचलाख रुपैया अनुदान दिने गरी अग्नी पिडित परिवार वस्ती विकास कार्यक्रम कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने।"

५. अस्पताल व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य मनोनयन गर्ने ।

६. अन्तर प्रदेश परिषद्को मिति २०७५/०९/०३ को दोश्रो बैठकले स्वीकृत गरेको संघीयता कार्यान्वयन सहजिकरण कार्ययोजनालाई कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयले उक्त कार्ययोजना अनुरुप कार्य प्रक्रिया अगाडि बढाउने।

७. हुम्ला जिल्लाको ताँजाकोट गाँउपालिकाको केन्द्र साविकको मैला गा.वि.स.बाट ताँजाकोट गाँउपालिका वडा नं. ३ को चाखुरे भन्ने स्थानमा सार्ने सम्बन्धमा प्राप्त कागजात समेतको आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद २, दफा ४ को उपदफा (३) बमोजिम सम्बन्धित गाँउ सभाको तत्काल कायम रहेको सदस्य संख्याको दुईतिहाई बहुमतले पारित गरेको देखिएको हुँदा उक्त बमोजिम केन्द्र सार्ने निर्णयका लागि नेपाल सरकारमा सिफारिस गरी पठाउने ।

**प्र.मं.प.बै.सं. ३३।०७५**

**२०७५ साल पौष २६ गते बिहिबार १७:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश सूचनाको हक सम्बन्धमा व्यबस्था गर्ने सम्बन्धी विधेयक, २०७५ को मस्यौदा स्वीकृति गर्ने ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रस्ताव गरेका सार्वजनिक विदाहरु स्वीकृत गर्ने।

३. सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्ने।

४. उपभोक्ता संरक्षण ऐन सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्ने ।

५. कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०७५ स्वीकृति गर्ने।

६. प्रदेश युवा परिषद्को सम्बन्धमा व्ययवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

७. घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

**प्र.मं.प.बै.सं. ३४।०७५**

**२०७५ साल माघ ०९ गते बुधबार १६:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. माननीय मुख्यमन्त्रीज्यूको प्रेश सल्लाहकारलाई सञ्चार बिज्ञको रूपमा नियुक्त गर्ने ।

२. प्रदेश समन्वय परिषद् बैठकको कार्यक्रम र लागत अनुमान स्वीकृत गरी निकाशा माग गर्ने सम्बन्धी विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १/५५-२०७५/१०/०५ को प्रस्ताव सम्बन्धमा "प्रकरण ४ को निर्णय हुनुपर्ने व्यहोरा अन्तर्गत लागत अनुमानको रकम रू ३०,००,०००।- (तिस लाख रूपौंया मात्र) स्वीकृत गर्ने र अन्य कुरा प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

३. प्रदेश अनुसन्धान ब्यूरो सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिने।

४. प्रहरी भवन संरचना र सुधार गृह भवन निर्माण तथा सञ्चालन गर्ने।

५. कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ संशोधन गर्ने सम्बन्धी विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/३५-२०७५/१०/०९ को प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्नेः

   १) प्रकरण ४ मा उल्लेखित निर्णय हुनु पर्ने व्यहोराको पछि " साथै यसैसाथ संलग्न अनुसूची १(क) समेत थप गर्ने" भन्ने व्यहोरा थप गर्ने।

   २) "प्रस्ताव साथ संलग्न अनुसूची १ (क) को क्र.सं. ७ अतिथि सत्कार शीर्षकमा रहेको रकम रु.१००००।-(दश हजार) को सट्टा रु. ५०००।- (पाँच हजार) राख्ने र क्र.सं. ८ बिजुली, धारा शीर्षक, क्र.सं. ९ लुगा भत्ता शीर्षक र क्र.सं. १३ को देहाय (क) स्वकीय सचिव (रा.प. तृतीय वा सो सरह) को व्यबस्था हटाइ अन्य कुरा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

६. कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ संशोधन गर्ने ।

७. भन्सार छुट सुविधाको सिफारिस गर्ने।

८. कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक सहमति दिने।

९. रारा राष्ट्रिय नाटक महोत्सव, २०७५ संचालनको लागि आर्थिक सहयोग गर्ने सम्बन्धी विषयको सामाजिक विकास मन्त्रालयको नं. ७/१५-२०७५/१०/०९ को प्रस्ताव सम्बन्धमा "प्रकरण ४ को निर्णय हुनुपर्ने व्यहोरा अन्तर्गत उल्लेखित रकम रु.२० लाखको सट्टा रु. १० लाख राख्ने र सो रकम हाल सामाजिक विकास मन्त्रालयले विनियोजित बजेटको सम्बन्धित शीर्षकबाट उपलब्ध गराउने गरी अन्य कुरा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

१०. सवारी साधन खरिद सम्बन्धी प्राविधिक परीक्षण तथा सिफारिस समिति गठन गर्ने बिषय सम्बन्धमा कर्णाली प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका, विभाग, निर्देशनालय र कार्यालयहरूका लागि चार पाङ्ग्रे सवारी साधन, हेभी ईक्वीपमेण्ट खरिद गर्दा मुल्यमा एकरूपता तथा गुणस्तर कायम गर्नको लागि त्यस्ता साधनहरूको खरिद पूर्व स्पेशिफिकेशन तयार गर्न र भुक्तानी पूर्व प्राविधिक परिक्षण गरी सम्बन्धित निकायमा सिफारिस गर्न देहाय बमोजिमको सवारी साधन खरिद सम्बन्धी प्राविधिक परीक्षण तथा सिफारिस समिति गठन गर्नेः

- सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -संयोजक
- उपसचिव कानून, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य
- प्रमुख प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य
- समितिका संयोजकले तोकेको सम्बन्धित बिषयको प्राविधिक -सदस्य सचिव

११. माननीय मुख्यमन्त्रीज्यूको प्रयोगमा रहेका सवारी साधन र सुरक्षार्थ प्रयोग हुने पछुवा (स्कर्टिङ्ग) सवारी साधनको ईन्धन र मर्मत लगायतको खर्च व्यबस्थापन गर्ने विषय सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूको लागि कार्यालयले उपलब्ध गराएको सवारी साधन (बा २ झ १९५१ नंबरको स्कर्पियो जीप) का अतिरिक्त मुख्यमन्त्रीज्यूले प्रयोग गरिरहनु भएको बा २ झ ५७९३ नंबरको ल्याण्डक्रुजर प्राडो (टोयोटा) जीप का साथै मुख्यमन्त्रीज्यूको सुरक्षा प्रयोजनको लागि प्रयोग हुने पछुवा (स्कर्टिङ्ग) सवारी साधनको मर्मत सम्भार र ईन्धन लगायतको खर्च मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराउने। साथै मुख्यमन्त्रीज्यूको सुरक्षा प्रयोजनको लागि प्रयोग हुने सवारी साधनको लागि आवश्यक पर्ने इन्धन मुख्यमन्त्रीज्यूले पाउने इन्धन सुविधाका अतिरिक्त आवश्यकतानुसार उपलब्ध गराउने।

१२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) लाई तोकिएको थप जिम्मेवारी अनुमोदन गर्ने बिषय सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) श्री कलानिधि पौड्याललाई प्रदेश सभा सचिवको समेत अतिरिक्त जिम्मेवारी दिने प्रदेश सरकार (मुख्यमन्त्रीस्तर) को मिति २०७५/१०/०९ को निर्णय अनुमोदन गर्ने ।

१३. २०७५ माघ १४ र १५ गते आयोजना हुने प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन हल र विज्ञहरुको कार्यपत्र तथा सहजिकरण भत्ता सम्बन्धमा बैठकका सहभागिहरूको संख्या र सभाहलको क्षमतालाई मध्यनजर गर्दा प्रदेश समन्वय परिषद्को बैठक वीरेन्द्रनगर सुर्खेत स्थित सिद्धार्थ शनी रिसोर्ट होटलको सभा हलमा सञ्चालन गर्न उपयुक्त हुने देखिएकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोही बमोजिम ब्यवस्थापन गर्ने र उक्त कार्यक्रममा सहजिकरण गर्ने विज्ञहरुलाई प्रति कार्यपत्र र सहजिकरण वापत एकमुष्ट रू. १०,०००।-(दश हजार रूपैयाँ मात्र) का दरले उपलब्ध गराउने।

**प्र.मं.प.बै.सं. ३५।०७५**

**२०७५ साल माघ २३ गते बुधबार दिनको ३:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने ।

२. प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५" मा सहमति गर्ने।

३. माननीय मन्त्रीज्यूको बैदेशिक भ्रमण स्वीकृतिको लागि सिफारिस गर्ने ।

४. खाद्य उत्पादन, संरक्षण तथा खाद्य अधिकारको प्रवर्द्धन विधेयक, २०७५ प्रदेश सभा समक्ष पेश गर्नको लागि स्वीकृती प्रदान गर्ने ।

५. प्राङ्गारीक (अर्गानिक) कृषि बिधेयक, २०७५ प्रदेश सभा समक्ष पेश गर्नको लागि स्वीकृती प्रदान गर्ने ।

६. मालपोत कार्यालय सुर्खेतको नाममा रहेको जग्गा भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयको लागि माग गर्ने ।

७. कर्णाली प्रदेश विकास प्राधिकरण विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

८. श्रम तथा रोजगार प्रवर्द्धन नीति, २०७५ स्वीकृति गर्ने।

९. प्रदेशमा खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती दिने।

१०. घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।

११. कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।

१२. जाजरकोट जिल्लाको जुनिचाँदे गाँउपालिकाको केन्द्र साविक मजकोट गा.वि.स कार्यालय रहेको स्थानबाट परिवर्तन गरी वडा नं. ४ लुहादहमा कायम गर्ने बिषय सम्बन्धमा मन्त्रिपरिषद् राजनैतिक समितिबाट प्राप्त सो समितिले गठन गरेको कार्यदलको प्रतिवेदन नेपाल सरकार समक्ष पठाउने ।

१३. प्रदेश सभाको हिँउदे अधिवेशन आह्वान गर्ने सम्बन्धमा "कर्णाली प्रदेश सभाको हिँउदे अधिवेशन मिति २०७५/११/१५ गते अपरान्ह ०१.०० बजे प्रदेश सभा भवन, सुर्खेतमा बस्ने गरि आह्वान गर्न नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने"

१४. प्रदेश समन्वय परिषद्को सम्पन्न बैठक सम्बन्धमा "२०७५ माघ १४ र १५ गते सुर्खेत जिल्लाको वीरेन्द्रनगर स्थित सिद्धार्थ शनी रिसोर्ट होटलमा सम्पन्न भएको प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गर्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद दिने । परिषदका निर्णयहरू र बिज्ञबाट प्रस्तुत कार्यपत्र लगाएत उपयुक्त सामग्रिहरू समाबेश गरी पुस्तिका प्रकाशन गर्ने । परिषद्को बैठक ब्यवस्थापन कार्यमा विभिन्न शिर्षकमा भएको खर्च समर्थन गर्ने ।"

१५. कर्णाली बिद्युत विकास कंम्पनी दर्ता गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयले प्रक्रिया अगाडि बढाउने ।

**प्र.मं.प.बै.सं. ३६।०७५**

**२०७५ साल फाल्गुन ०४ गते शनिबार ७:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. सामुदायिक रेडियो प्रसारक संघ, नेपाललाई आर्थिक सहायता उपलब्ध गराउने ।

२. कर्णाली प्रदेश सार्वजनिक सम्पत्ति व्यवस्थापन निर्देशिकाको सैद्धान्तिक सहमति सम्बन्धी दिने।

३. कर्णाली प्रदेश बहुवर्षीय आयोजना सञ्चालन सम्बन्धी निर्देशिकाको सैद्धान्तिक सहमति दिने।

४. कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिकाको सैद्धान्तिक सहमति दिने।

५. कर्णाली प्रदेश बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिकाको सैद्धान्तिक सहमति दिने।

६. कर्णाली प्रदेश सार्वजनिक नीजी साझेदारी सम्बन्धी विधेयकको सैद्धान्तिक सहमति दिने।

७. कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७५ संशोधनको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

८. कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ स्वीकृत गर्ने ।

९. कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं. ०७/१९-२०७५/१०/२३ को प्रस्ताव प्र.म.बै.सं. ३५/०७५ मिति २०७५/१०/२३ को प्रदेश मन्त्रिपरिषदको बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार समितिको मिति २०७५/११/०३ को बैठकबाट परिमार्जन सहित प्राप्त यसै साथ संलग्न कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।

**प्र.मं.प.बै.सं. ३७।०७५**

**२०७५ साल फाल्गुन २७ गते सोमबार १३:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः**

१. प्रदेश सेवाका कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ स्वीकृती प्रदान गर्ने ।

२. समपुरक अनुदानको लागि योजनाको प्रतिवेदन सिफारिस तथा प्रस्ताव पेश गर्ने समयावधि थप गर्ने ।

३. कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ संशोधन गर्न स्वीकृति प्रदान गर्ने ।

४. कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन, २०७५ स्वीकृति प्रदान गर्ने ।

५. कर्णाली प्रदेश सार्वजनिक नीजी साझेदारी सम्बन्धी विधेयक, २०७५, स्वीकृत गर्ने ।

६. कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ स्वीकृति प्रदान गर्ने ।

७. कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५"स्वीकृत गर्ने ।

८. कर्णाली प्रदेश बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५" स्वीकृत गर्ने ।

९. प्रदेश स्तरीय वेयर हाउस निर्माण गर्ने।

१०. बाढि पिडितको पुनर्वास गर्ने।

११. कर्णाली प्रदेश सरकारको प्रादेशिक टेलिभिजन र रेडियो स्थापना सम्वन्धी विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/४०-२०७५/११/२७ को प्रस्ताव सम्बन्धमा "प्रस्तावको बुदाँ नं. २ र ३ को प्रक्रिया अगाडि बढाउने।"

१२. डिजिटल स्कुल कार्यक्रमको खर्च गर्ने अख्तियारी दिने।

१३. उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मस्यौदा स्वीकृति गर्ने ।

१४. प्राईभेट फर्म नविकरण सम्बन्धी निर्देशिका, २०७५ स्वीकृति प्रदान गर्ने ।

१५. नवौ राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णाली प्रदेशको राजधानी सुर्खेतमा गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

१६. माननीय ठम्मर बहादुर बिष्टलाई औषधी उपचार सहयोग रु. दुई लाख उपलब्ध गराउने ।

१७. संगठन संरचना र स्वीकृत दरबन्दीको स्वामित्व लिने र कार्यालय स्थापना तथा संचालन । गर्ने।"

१८. खाद्य उत्पादन, अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको बिधेयक सम्बन्धी विषयको भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ५/११-२०७५/१०/२३ को प्रस्ताव प्र.म.बै.सं. ३५/०७५ मिति २०७५/१०/२३ को प्रदेश मन्त्रिपरिषदको बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार समितिको मिति २०७५/११/१३ र मिति २०७५/११/२२ को बैठकबाट परिमार्जन सहित प्राप्त यसै साथ संलग्न खाद्य उत्पादन, अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको बिधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।

**प्र.मं.प.बै.सं. ३८।०७५**

**२०७५ साल चैत्र ०९ गते शनिबार १७:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. कर्णाली प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तब्य र अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने ।

२. माननीय मुख्यमन्त्रीज्यूको सल्लाहाकार नियुक्त गर्ने ।

३. नेपाल नदी संरक्षण संस्थाले आयोजना गर्ने तेस्रो नदी शिखर सम्मेलन कार्यक्रमको लागि सहयोग गर्न प्रदेश सरकारको तर्फबाट रु पाँच लाख प्रदान गर्न स्वीकृती प्रदान गर्ने ।

४. प्रादेशिक जडिबुटी तथा शित भण्डार निर्माण कार्यलाई राष्ट्रिय प्राथमिकता आयोजनामा समाबेश गर्न र उक्त कार्यक्रम कार्यान्वयन गर्न श्री जागृति सामुदायिक बन उपभोक्ता समूह भेरीगंगा नगरपालिका वडा नं. १० मदानिचौर सुर्खेतको ६ हेक्टर बनक्षेत्र भोगाधिकार प्रदान गर्न दिने स्वीकृतिको लागि संघीय सरकारसंग अनुरोध गर्ने

५. मन्त्रालय मातहतका निकायहरुको लागि प्रशासनिक खर्च गर्न तीन करोड अठ्तीस लाख एकसठ्ठी हजार रुपौयाँ आर्थिक मामिला तथा योजना मन्त्रालयबाट थप बजेट ब्यवस्थाको लागि माग गर्ने ।

६. पूर्वाधार विकास प्राधिकरण गठन गर्नका लागि आवश्यक पर्ने कानूनको मस्यौदा पेश गर्न यस अघि भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सैद्धान्तिक सहमति दिएकोमा सो को सट्टा आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सहमति दिने।

**प्र.मं.प.बै.सं. ३९।०७५**

**२०७५ साल चैत्र १४ गते बिहीबार ११:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. नेपाल सरकार समपूरक अनुदानको लागि संचालन गरिने योजनाहरू स्वीकृत गर्ने ।

२. नेपाल सरकार बिशेष अनुदानको लागि संचालन गरिने योजनाहरू स्वीकृत गर्ने ।

३. क्रमागत तथा बहुबर्षीय योजनाको रूपमा काम गर्न स्रोतको सुनिश्चितता सम्बन्धी विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/५२-२०७५/१२/१४ को प्रस्ताव सम्बन्धमा "यस आ.व. को स्वीकृत बार्षिक विकास कार्यक्रममा परेका पूर्वाधारसंग सम्बन्धित योजनाहरू यस आ.व. मा सम्पन्न हुन नसक्ने अवस्थामा बिनियोजित बजेटबाटै स्रोत सुनिश्चित गरी आगामि आ.व मा सम्पन्न गर्ने गरी क्रमागत योजनाका रूपमा संचालन गर्ने नीति अवलम्बन गरी बजेटको ब्यवस्था मिलाउने। साथै प्रत्येक निर्वाचन क्षेत्रमा १/१ बटा प्रदेश महत्वका सडक योजनामा चालु आ.व.मा खर्च नहुने बजेट कार्यक्रम तथा बजेट शिर्षकहरूबाट बजेट सुनिश्चित गरी २४ वटा सडक तथा पूर्वाधारका योजनाहरू छनौट गरी अन्य ब्यवस्था प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

४. कालिकोट जिल्लाको पलाता गाउँपालिकाका अग्नी पिडितहरूलाई घर बनाउन कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७५/०९/१३ को निर्णय अनुसारको पाँच लाख सम्बन्धित गाउँपालिकासंग शर्त सहित MOU गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने । गाउँपालिकासंग MOU गर्दा तीन किस्तामा रकम उपलब्ध गराउने, सम्बन्धित घर धनीको बैंक खातामा किस्ता उपलब्ध गराउने व्यवस्था मिलाउने, घर धनी स्वयमले छनोट गरेको नक्सा वा गाउँपालिकाले उपलब्ध गराएको नक्सा अनुरूपको भूकम्प प्रतिरोधी घरको निर्माण गर्ने जिम्मा स्वयम घरधनीको रहने, पहिलो किस्ता रकम जिल्ला दैवि प्रकोप उद्धार समितिले नाम सिफारिस गरेको अग्नीपिडित परिवारलाई निशर्त उपलब्ध गराई दोस्रो तेस्रो किस्ता कार्य प्रगतिको आधारमा उपलब्ध गराउन गाउँपालिकासंग MOU गर्ने लगाएतका अन्य आवश्यक विषयहरू आन्तरिक मामिला तथा कानून मन्त्रालयले थप गर्न सक्ने। निर्माण कार्यको प्राविधीक परिक्षण र प्राविधीक सहायता गाउँपालिकाको प्राविधीकले गर्ने व्यवस्था मिलाई कार्यप्रगतिको आवधिक प्रगति विवरण लिई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जानकारी गराउने। र अन्तिम किस्ता भुक्तानी गर्न पुर्व अनुगमन/ निरिक्षण गरी प्रगतिको आधारमा अन्तिम किस्ता भुक्तानीको प्रक्रिया अगाडि बढाउने ।

५. सुर्खेत जिल्ला पञ्चपुरी नगरपालिका र पोछन सिटी दक्षिण कोरीयाका बीच आपसि मित्रता र पारस्परिक सहयोग का लागि पञ्चपुरी नगरपालिकाको कार्यालयको च.नं. ११४३ मिति २०७५/११/२६ को पत्रानुसार भगिनी सम्बन्धका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (८) अनुरूप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरी पठाउने।

**प्र.मं.प.बै.सं. ४०।०७५**

**२०७५ साल चैत्र २३ गते शनिबार १५:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

७. साहयता रकम उपलब्ध गराउने सम्बन्धी विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/४२-२०७५/१२/२३ को प्रस्ताव सम्बन्धमा "प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने ब्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायको व्यहोरा राख्ने।"तहाँको बिनियोजित बजेटबाट रकम व्यवस्था गर्ने।तहाँको बिनियोजित रकमबाट व्यवस्थापन गर्न नसकिने भए आर्थिक मामिला तथा योजना मन्त्रालयबाट रकम निकासा लिई शिघ्राती सहयोग रकम प्रदेश मुख्यमन्त्री राहत कोष प्रदेश नं २ मा दाखिला गरी सो को जानकारी गराउने।"

८. प्रदेश अस्पताल सुर्खेतलाई शिक्षण अभ्यास सहितको द्धितीय तहको ३०० सैयाको प्रेषण अस्पतालमा स्तरोन्नति गर्ने र सो को लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृति प्रदान गर्ने सम्बन्धी विषयको सामाजिक विकास मन्त्रालयको नं. ७/२३-२०७५/१२/२३ को प्रस्ताव "आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिलाई दृष्टिगत गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

**प्र.मं.प.बै.सं. ४१।०७५**

**२०७५ साल चैत्र २६ गते मंगलबार १८:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः-**

१. बाढि पिडितको पुनर्वास तथा पुर्नस्थापना गर्ने सम्बन्धी विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/४३-२०७५/१२/२६ को प्रस्ताव "प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने ब्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायको व्यहोरा राख्ने।" २०७१ साल श्रावण २८ र २९ गते आएको भिषण बाढिबाट प्रभावित भएका बाढी पिडित घर परिवारहरुलाई कर्णाली प्रदेश बाढि पहिरो समस्या समाधान समिति, २०७५ ले पहिचान गरेका घर परिवारलाई पुनर्वास तथा पुनस्थापना गर्न प्रति घर परिवार रु ३ लाखका दरले ३ किस्तामा कार्य प्रगतिको आधारमा किस्ता उपलब्ध गराउने। किस्ता रकम सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत मार्फत उपलब्ध गराउने । निर्माण मोडालिटी, प्राविधिक सहयोग, ड्रईङ डिजाइन नक्सा स्थानीय तहसंग समझदारी गरी घर धनीले नै घर बनाउने शर्तमा निर्माण प्रक्रिया अगाडि बढाउने । किस्ताको मापदण्ड तोकि पहिलो किस्ता निशर्त उपलब्ध गराई दोस्रो र तेस्रो किस्ता कार्य प्रगतिको आधारमा घर धनीको बैंक खाता मार्फत उपलब्ध गराउने गरी लाग्ने रकमको ब्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयसंग समन्वय गरी मिलाउने।"

२. कर्णाली प्रदेशका हावाहुरी तथा असीना पिडित जनतालाई राहत स्वरुप रु २,००,००,०००/- (दुई करोड रुपैया) उपलब्ध गराउने सम्बन्धी विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/४४-२०७५/१२/२६ को प्रस्ताव "प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने ब्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायको व्यहोरा राख्ने।" "हावाहुरी तथा असीनाको क्षतिको विवरण सम्बन्धीत स्थानीय विपद् व्यवस्थापन समिति मार्फत १५ दिन भित्र संकलन गरी जिल्ला समन्वय समिति मार्फत क्षतिको विवरण प्राप्त गर्ने । यसरी प्राप्त हुन आएको विवरणलाई समेत दृष्टिगत गरी पिडित परिवारलाई सहयोग गर्ने प्रक्रिया, मापदण्ड र कार्यविधि तयार गरी सहयोग गर्न तत्काल रु २ करोड बजेट छुट्याउने।"

३. वेयर हाउसको निर्माण संम्पन्न गर्न चाहिने रकमको रकमान्तर गर्ने सम्वन्धी विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/४५-२०७५/१२/२६ को प्रस्ताव "प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने ब्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायको व्यहोरा राख्ने।" "नेपाल सरकारबाट प्राप्त लागत अनुमान, ड्रइङ डिजाइन अनुरुप वेयर हाउस (गोदाम घर) को बाँकि निर्माण कार्यको ठेक्का ब्यवस्थापन भौतिक पुर्वाधार विकास मन्त्रालय मार्फत अगाडि बढाउने र निर्माण कार्यमा लाग्ने रकम तहाँ विनियोजित रकमबाटै ब्यवस्था गर्ने ।तहाँको विनियोजित बजेटबाट नसकिने भए

आर्थिक मामिला तथा योजना मन्त्रालयसंग समन्वय गरी भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवलाई अख्तियारी दिई ठेक्का ब्यवस्थापनको कार्य यसै चालु आ.व.मा सम्पन्न गर्ने।"

४. प्रदेश सभाको हिँउदे अधिवेशन अन्त्य गर्ने सम्बन्धमा "कर्णाली प्रदेश सभाको हिँउदे अधिवेशन मिति २०७५/१२/२७ गते राति १२:०० बजेदेखि अन्त्य गर्न नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने"